**नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान**

**करार सेवामा भर्ना सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७४/०१/२५**

यस प्रज्ञा प्रतिष्ठानमा रिक्त रहेको देहाय अनुसारको पदमा पदपूर्ति गर्ने निर्णयानुसार निम्न वमोजिमको योग्यता पुगेका इच्छुक उम्मेदबारहरुबाट प्रतिष्ठानद्वारा स्वीकृत ढाँचाको फाराममा दरखास्त आह्वान गरिन्छ ।

| **क्र.सं.** | **विज्ञापन नं.** | **पद/स्तर** | **खुला तथा समावेशी** | **मागपद संख्या** | **परीक्षा दस्तुर रु.** |
|---|---|---|---|---|---|
| १. | १/०७३-०७४ | हलुका सवारी चालक, श्रेणी विहिन | खुला | १ | २००/- |

**परीक्षाको किसिम** :- प्रयोगात्मक र अन्तर्वार्ता ।

**दरखास्त फाराम र परीक्षा दस्तुर बुझाउने स्थान** : - नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, भाटभटेनी, काठमाडौं ।

**दरखास्त दिने अन्तिम मिति** :- २०७४।०२।१४ गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) र दोब्बर दस्तुर तिरी २०७४/०२/२१ गतेसम्म ।

**उमेर** : उमेरको हद लाग्ने छैन ।

**करार अवधि** : करार अवधि ६ महिनाको हुनेछ र प्रज्ञा प्रतिष्ठानको आवश्यकता अनुसार थप गर्न सकिने छ ।

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ । सम्पर्क मिति २०७४।०२।२२

**आवश्यक न्यूनतम योग्यता** : नेपाल सरकारद्वारा जारी गरिएको सवारी चालक अनुमति पत्र प्राप्त गरेको ३ वर्ष पूरा भएको र नेपाली भाषामा राम्ररी लेखपढ गर्न जान्ने ।

**द्रष्टब्य**

क) दरखास्त फाराम प्रज्ञा प्रतिष्ठानबाट आवश्यक शुल्क तिरी प्राप्त गर्न सकिनेछ । दरखास्त फाराममा तोकिएको विवरण, कागजात र फोटो टाँसी आवश्यक दस्तुर तिरी प्रतिष्ठनमा पेश गर्न सकिने छ ।

ख) दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्र र चालक अनुमतिपत्रको प्रतिलिपि एवं दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्ने छ ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनको लागि गणना गरिने छैन ।

Scanned by CamScanner